# खार्पूनाथ गाउँपालिकाको

## आर्थिक बर्ष २०७७/०७८ को बार्षिक नीति तथा कार्यक्रम

खार्पूनाथ गाउँपालिकाको चौथो गाउँसभामा उपस्थित प्रमुख अतिथिज्यू, अतिथिज्यूहरु, गाउँसभाका सदस्यज्यूहरु, साथै हाम्रो निमन्त्रणालाई स्वीकार गरी यस गाउँसभा सफल बनाउन र यसको गरिमालाई बढाउन पाल्नु हुने सबै पेशा, वर्ग, सेवा र समुहमा आवद्ध सम्पूर्ण अतिथि महानुभावहरुमा म यस गाउँपालिकाको जन निर्वाचित प्रमुख र गाउँपालिका परिवारको तर्फबाट हार्दिक स्वागत एवं आभार व्यक्त गर्न चाहन्छु

सर्वप्रथम, नेपालको सार्वभौमसत्ता, स्वाधीनता, भौगोलिक अखण्डता, राष्ट्रिय हित,स्वाभिमान, लोकतन्त्र र जनजीविकाका लागि भएका विभिन्न आन्दोलनहरूमा आफ्नो अमूल्य जीवन उत्सर्ग गर्नुहुने सम्पूर्ण ज्ञात-अज्ञात सहिदहरूप्रति भावपूर्ण श्रद्धाञ्जली अपर्ण गर्दछु ।

कोभिड-१९ महामारीका कारण मानव जातिमाथि शताब्दीकै सबैभन्दा ठूलो सङ्कट पैदा भएको छ। विश्वस्तरमै यस महामारीविरुद्ध लड्न मौजुदा स्वास्थ्य सेवा र सुविधाहरू अपर्याप्त देखिएका छन्। यस महामारीबाट लाखौं मानिसको ज्यान गइसकेको छ, अरू लाखौँ सङ्क्रमित छन्। यस महामारीबाट सङ्क्रमित भई नेपाल भित्र र बाहिर जीवनगुमाउनु हुने नेपाली तथा अन्य मित्रराष्ट्रका नागरिकहरूका शोकाकुल परिवारजनप्रति गहिरो समवेदना व्यक्त गर्दछु। उपचाररत सम्पूर्ण दिदीवहिनी तथा दाजुभाइहरूको शीघ्र स्वास्थ्यलाभको कामना गर्दछु ।

हामी सबै जानकार नै छौं, हाम्रा चाहना र आवश्यकताहरु असिमित छन, तर स्रोत र साधन सिमित छ। सिमित स्रोत र साधनको न्यायोचित वितरण तथा अधिकतम् प्रयोगबाट समग्र गाउँपालिका क्षेत्रका आम नागरिकको विकास तथा परिवर्तनको चाहनालाई सम्बोधन गर्न प्रयास गरिने छ । तसर्थ सिमित स्रोत र साधनलाई विनियोजन गर्दा प्राथमिकताका आधारमा योजना छनौट गरी समूदायको अधिकतम जनसहभागिता, सहकार्य तथा सामूहिक स्वार्थ र साझेदारीमा विकासका कार्यक्रम सञ्चालन गर्नुपर्ने अहिलेको टड्कारो आवश्यकता र यथार्थ हो। यसलाई कार्यान्वयन गर्नका निम्ति सम्पूर्ण राजनैतिक दल, कर्मचारी, विभिन्न सरकारी तथा गैर सरकारी संघ सस्था, विकास प्रेमी व्यक्तित्वहरु तथा निर्वाचित पदाधिकारी ज्यूहरुसंग सहयोग एवं सहकार्यको आशा र अपेक्षा गरेको छु।

जनताको अभिमत सहित हामी निर्वाचित भएर यस गाउँपालिकाको विकासमा योगदान गरी गाउँपालिकालाई सम्बृद्धि तर्फ लैजानका लागि अठोट एवं उद्देश्यका साथ आएका थियौं । गाउँपालिकामा रहेका विविध समस्या र चुनौतिका वावजुत पनि यस गाउँपालिका क्षेत्रको समृद्धि र विकास कसरी गर्न सकिन्छ भन्ने तर्फ हामी निर्वाचित पदाधिकारीहरु निकै सचेत रहि गाउँपालिकालाई विकास तर्फ डोऱ्याउन उद्धत छौं भन्ने ब्यहोरा जानकारी गराउन चाहन्छु। जनताको आकांक्षा, चाहना र भावनालाई सम्बोधन गर्ने दृढ संकल्पका साथ आ.व. ०७७/०७८ को वार्षिक नीति तथा कार्यक्रम यस सम्मानित सभा समक्ष प्रस्तुत गर्न पाउँदा गौरवको अनुभुति गरेको छु।

आगामी आ.ब.को बार्षिक नीति तथा कार्यक्रम प्रस्तुत गर्नु भन्दा अगाडि चालु आ.ब.को नीति तथा कार्यक्रमको संक्षिप्त समीक्षा गर्न चाहन्छु ।

**खार्पूनाथ गाउँपालिकाको दीर्घकालिन सोंच : *“ खार्पूनाथ गाँउपालिकाको समृद्धिको आधार—कृषि, जडिबूटी, पर्यटन र पूर्वाधार ”* रहेको छ ।**

**लक्ष्य :** गाउँपालिकाको सामाजिक, आर्थिक, मानवीय विकासमा अभिवृद्धि भई गाउँबासीको जीवनस्तरमा गुणात्मक सुधार भएको हुनेछ ।

**उद्धेश्य :** गाउँपालिकाको सामाजिक, आर्थिक, मानविय विकास समावेशी तथा गुणस्तरीय र वातावरणीय रुपमा सन्तुलित भई गाउँवासीको जीवनयापन गतिशील तथा सुरक्षित भएको हुनेछ ।

**कृषि विकास कार्यक्रम २०७७/७८ ले निर्धारण गरिएका अपेक्षाहरु:**

१. कृषिलाई आधुनिक तथा व्यबसायिकरण गरी रोजगारी मार्फत गरीबी न्यूनिकरणमा टेवा पुऱ्याउने गरी कार्यक्रम तथा योजना तयार गरिनेछ ।

२. जैविक कृषि उत्पादन क्षेत्र घोषणा गरी राष्ट्रिय तथा अन्तराष्ट्रिय पर्यटकीय क्षेत्रको नमुना गन्तव्य बनाइने छ ।

३. दिगो अर्थतन्त्रको विकासका लागि गाउँपालिकामा**"एक घर एक बगैचा"** को नीतिलाई लागु गरिनेछ ।

४. सहकारी तथा निजी क्षेत्रको लगानीमा गुणस्तरीय एवं आधुनिक बधशाला निर्माण तथा सञ्चालन गर्न सहयोग गरिनेछ । बध गरिने जनावरको स्वास्थ्य परीक्षण, सफा र स्वस्थ बधशालाको विकास, मासु पसलको गुणस्तरीयता परीक्षण गर्ने कार्यको सुरुवात गरिनेछ ।

५. गाउँपालिका क्षेत्रभित्रका पशुहरुको लगत लिने तथा सामुदायिक पशुहरुलाई प्रभावकारी रुपमा व्यवस्थापन गरिनेछ ।

.६. तरकारी तथा फलफूला बजारलाई आधुनिकीकरण गरी व्यवस्थित गर्ने कार्यलाई अगाडि बढाइनेछ । यस्ता व्यवसायहरुको वस्तुगत बिवरण तयार गरी न्यूनतम मापदण्ड तोक्ने र अनुगमन गर्ने कार्य गरिनेछ ।

७.. यस गाउँपालिकाको विशेष पहिचान बोकेको उत्पादनको खोजी गरी सो को बजारीकरण गर्दै यसका उत्पादनहरुलाई अझ गुणस्तरीयता प्रदान गर्न विभिन्न राष्ट्रिय तथा अन्तराष्ट्रिय संघ सस्था तथा नीजि क्षेत्रसँगको सहकार्यलाई अगाडि बढाइने छ । यसको लागि आवश्यक श्रोतको व्यवस्था गरिनेछ ।

८. एक वडा एक उत्पादनको क्षेत्रलाई प्राथमिकताका साथ कार्यान्वयन गर्ने गरी गाउँपालिका र वडा कार्यालयवाट वजेट विनियोजन गरी आर्थिक समृद्धिका लागि कार्यक्रम तयार गरिने छ ।

९. आधुनिक कृषि पद्धतिलाई विस्तार गरी परम्परागत निर्वाहमुखी खेती प्रणालीमा सुधार गरिनेछ ।

१०. सिंचाई योग्य भूमीको पहिचान गरी सामुहिक कृषि प्रणालीको विस्तार गरिनेछ । यसको लागि वाँझो जमिनको तथ्याङ्क संकलन गरी कार्यक्रमलाई अगाडि वढाईने छ ।

११. यस गाउँपालिका तरकारी तथा फलफुल उत्पादनको दृष्टिकोणले पनि राम्रो सम्भावना बोकेको क्षेत्र भएको हुँदा विभिन्न प्रकृतिको कृषि उत्पादनलाई मध्यनजर गरी सिंचाईको सुविधा उपलब्ध गराउन आवश्यक प्लाष्टिक पोखरी, आकाशे पानी संकलन, स्प्रिकंल सिंचाई, थोपा सिंचाई जस्ता उपयुक्त सिंचाई प्रविधिको लागि बजेट विनियोजन गरिने छ । यसबाट कृषि उत्पादनलाई थप टेवा पुग्ने आशा लिएको छु ।

१२. कृषि उत्पादन राम्रो हुने क्षेत्रको पहिचान गरी उक्त क्षेत्रहरुलाई एकल कृषि उत्पादन पकेट क्षेत्र घोषणा गरिनेछ। सोको लागि माटो परिक्षण, कृषि प्रबर्द्धन र विकास गर्न आवश्यक कार्यक्रम तयार गरी कार्यान्वयन गरीनेछ ।

१३. गाउँपालिकाको भोगोलिक बनावटलाई दृष्टिगत गरी अर्गानिक तरकारी खेती, वेमौसमी तरकारी खेती, पुष्प खेती, तथा कृषिजन्य उत्पादनका लागि कृषकलाई प्रोत्साहन गर्ने नीति लिइनेछ ।

१४. गोठेमल सुधार, गरी कम्पोष्ट मल उत्पादन जस्ता कार्यक्रमलाई अगाडि बढाउने नीति लिइनेछ ।

१५. देशमा आईरहेको कृषि महामारीको रुपमा यस गाउँपालिकामा प्रवेश हुन नदिन अमेरिकन फौजी किरा र सलह किरा को प्रकोपको रोग थामको लागी बजेट व्यवस्थापन गरी आवश्यक तयारी गरिनेछ ।

१६. यस गाउँपालिकामा छरिएर रहेका कृषकहरुलाई संगठित गराई सक्रियरुपमा परिचानल हुने गरी आवश्यक बजेटको व्यवस्था गरिनेछ ।

**पशुसेवा शाखा को कार्यक्रम २०७७/७८ ले निर्धारण गरिएका अपेक्षाहरु:**

१. यस खार्पुनाथगाउँपालिकामा ५ वटा वडा मा पुण रुपमा पशुचैपायालाइ औषधि उपचार गर्न को लागि दक्ष भ्याक्सिनेटर परिचालन गरी सेवा प्रधान गरिनेछ ।

२. पशु स्वास्था व्यवस्थापनको लागि खार्पुनाथ गा पा भरिमा नै पसुपालक कृषक हरुलाइ औषधि बितरण गरिने छ ।

३. यस गाउँपालिकाका ५ वटै वडा मा बयर गाई भैसी भेडा बाख्रा को रगत को नमुना सँकलन गरी सो को प्रतिबेदन प्रदेश तथा सँघमा पठाइने छ ।

४.आवश्यकता अनुसार पशुपन्छि तथा मत्स्य उपचार सेवा प्रदान गरिने छ ।

५. यस गाउँपालिकाको वडा न ५ को जागोट मा कृर्तिम गर्भधान कार्यक्रम संचालन गरिनेछ ।

६ ५ वटै वडामा गाइनोलोजिकल उपचार सेवा प्रदान हुने छ ।

७. ५ वटा बिधालय मा जुनोटिक रोग बारे स्कुल शिक्षा कार्यक्रम सञ्चालन गरिने छ।
८. बिरामी पशु उपचार को लागि औषधि खरिद तथा ढुवानि गरिने छ।
९. बिरामी पशु लाई काबुमा लिनको लागी खार्पुनाथ गाँउ पालिकामा काठको टेबृज निर्णमाण गरिने छ।
१०. भेडा बाखा पालक कृषक लाइ बिभिन्न रोग बारे जानकारी दिइने छ।
११ गाइ भैसी तथा भेडा बाखा पालक कृषक को समुह गठन गरि खोर तथा पशु आहारा समन्धि तालिम दिइने छ ।
१२.लोकल कुखुरा पालन कार्यक्रम लाली र खार्पुनाथ मा सँञ्चालन गरी कृषक छनैट गरिने छ।
१३. हाल संञ्चालन रहेको कृषक पाठशाला लाइ नियमित गराइने छ।
१४. खार्पुनाथ गा.पा. का सम्पुण समुदाय मा गयर पशुपँक्षी को तथ्याङक सङकलन गरिने छ।

**शिक्षाको नीति तथा कार्यक्रम**

१. शिक्षा देश विकासको मेरुदण्ड हो शिक्षाको विकास विना कुनै पनि विकासको संभावाना नभएकोले शिक्षालाई विकासको पुर्वाधारको पनि पुर्वाधार भनिन्छ सो अनुरुप **शिक्षाको विकास खार्पुनाथ गाँउपालिकाको उच्च प्राथामिकतामा** राखि कार्यान्वयन गरिनेछ।

२. आवधिक पञ्चवर्षिय योजनामा आधारित रहि शिक्षाको त्रिवार्षिय मध्यकालिन खर्च संरचना निर्माण तथा **हरेक वर्ष वार्षिक कार्ययोजना निर्माण गरि कार्याक्रम कार्यान्वयन** अगाडी वढाइनेछ।

३ यस गाँउपालिकाको शैक्षिक प्रोफाइल निर्माण गरि जनशक्ति विकास तथा व्यावस्थापन योजना निर्माण गरि प्रभावकारी कार्यान्वयन गरिनेछ।

४.यस गाँउपालिका विद्यालयका सेवा क्षेत्रभित्रका विद्यालय उमेरका बालबालिकाहरुलाई विद्यालयमा अनिवार्य भर्ना गर्ने गराउने गरी आगामी शैक्षिक सत्रमा भर्ना अभियान सञ्चालन गरिनेछ र विद्यालयमा टिकाउ गर्ने र कक्षा १० सम्म अनिवार्य अध्ययन गर्नु पर्ने वातावरण सिर्जना गर्ने र कथंकदाचित र विद्यालय भर्ना नभएका विद्यालय उमेरका बालबालिकाहरु समुदायमा बाँकी छन् भने नामनामेसी सहित अभिलेख राखी वैकल्पिक शिक्षाको व्यवस्था गरि समतामूलक पहुँचको सुनिश्चितता गरिनेछ साथै विद्यालयबाट घर फिर्ता गर्ने वा विद्यालयमा आधारभुत शैक्षिक सामाग्री सहित विद्यालय नपठाउने अभिभावकलाई गाँउपालिकावाट बाट पाउने सेवा सुविधाहरु रोक्का गर्ने निति अवलम्वन गरिनेछ।

५.आगामी ५ वर्षभित्र यस गाँउपालिकाका सवै बाल विकास केन्द्र , आधारभुत विधालय तथा माध्यमिक विद्यालयहरु भौगोलिक समिपता तथा न्युन विद्यार्थी संख्या रहेका **विद्यालय तथा कक्षा समायोजन** गरि समायोजन हुने तथा भइजाने दुवै विद्यालय तथा कक्षा सुविधासम्पन, व्यवस्थित बनाउनुका साथै नमुना तथा आवासिय विद्यालयको माध्यमवाट सवै बालवालिकाको सिकाई सुनिश्चितता कायम गरि आगामी शैक्षिक शत्रमा वार्षिक १०० जना वालवालिकाको सिकाइ सुनिश्चितताको लागी आवासिय सुविधा दिनुका साथै आवासिय विद्यालय ब्यास्थापन कार्यविधि निर्माण गरि कार्यान्वयन गरिनेछ।

६ .यस गाँउपालिका भित्रका सम्पूर्ण वडाहरुबाट साक्षर तथा निरक्षरहरुको नामनामेसी सहितको विवरण संकलन गरी प्राप्त तथ्यांकका आधारमा नतिजामा आधारित पौढ साक्षरता कक्षा संचालन गरि आगामी वर्षभित्र "**साक्षर खार्पुनाथ गाँउपालिका**" घोषणा गरिनेछ ।

७. यस गाँउपालिका भित्रका विद्यालयहरुमा जेष्ठताका आधारमा विद्यालय विकास प्रस्ताव तथा कार्य सम्पादन करारका साथ प्र.अ. छनोट कार्य अघि बढाइ काम र नतिजाको आधारमा गाँउपालिकाबाट विद्यालय विकासको लागि आर्थिक सहयोग गरिनेछ ।

८. विद्यालय सुधार योजना निर्माण र शैक्षिक तथ्यांक प्रविष्टी, विद्यालयमा आधारित लेखाप्रणाली तथा आधारभुत कम्प्युटर सम्बन्धि गर्ने कार्यका लागि आगामी शैक्षिक सत्रको सुरुमै प्र.अ.हरु तथा लेखा कर्मचारीलाई तालिम सञ्चालन गरिनेछ र अन्य तालिमका कार्यक्रम क्रमश संचालन गदै लगिनेछ र तालिमको कक्षाकोठामा प्रयोग भए नभएको अनुगमन गरि आवाश्यक कारवाहीको व्यवस्था गरिनेछ।

९. यस गाँउपालिकाको शैक्षिक सुदृढीकरणको लागी वर्षको कम्तिमा ४ पटक प्रअ भेला तथा कार्यशाला संचालन गरि शैक्षिक योजना तथा सिकाई अनुभव आदानप्रदान कार्य अगाडि वढाइने छ ।

१०.यस गाँउपालिका भित्र सञ्चालित प्रारम्भिक कक्षाहरुमा पढाइ सीप विकास मार्फत गुणस्तर सुनिश्चित गर्न शसर्त अनुदान बाहेक यस गाँउपालिकाको स्रोतबाट व्यहोर्ने गरी अभिभावक बैठक सञ्चालन, पढाइ मेला सञ्चालन,शिक्षक पुनर्ताजगी तालिम जस्ता कार्यक्रमहरु यस गाँउपालिकाको शिक्षा शाखाबाट सञ्चालन गरिनेछन् ।

११.यस गाँउपालिका भित्रका बालविकास केन्द्र तथा कक्षामा अध्यापन गर्दै आएका सहजकर्ताहरुलाई **बाल शिक्षामा खेल्दै सिक्दै अभियान संचालन** गर्न तालिमको व्यवस्था गरी उक्त तालिमको कक्षाकोठामा प्रयोगको अवस्था मुल्याङ्कन गरि आवाश्यक दण्ड तथा पुरस्कारको व्यावस्था गरिनेछ ।

१२.विद्यालय बाहिर रहेका वाल विकास केन्द्र व्यवस्थित वनाउन बाल विकास केन्द्र व्यावस्थापन खर्च वापत वार्षिक रु १०००० । प्रति वालविकास केन्द्रलाई प्रदान गर्ने व्यवस्था समेत मिलाइने छ।

१३.विद्यालयमा रहेका भौतिक पूर्वाधारहरुको विकास निर्माण आवाश्यक मापदण्ड निर्माण ,जिर्णोद्धार तथा मर्मत कार्यलाई आवश्यकताका आधारमा हरेक बर्ष छनोट गरी आगामी ५ वर्षभित्र सवै विद्यालयमा न्युनतम भौतिक पुर्वाधार पुर्‍याउने तथा भौतिक पुर्वाधारको संरक्षण प्रक्रियालाई व्यवस्थित बनाइनेछ ।

१४. सुविधासम्पन्न वाल विकास केन्द्र तथा व्यवस्थित कक्षाकोठा निर्माण कार्यको लागी यो वर्ष विद्यालय वाहिरका ५ वटा वाल विकास केन्द्र तथा ७ वटा विधालयको कक्षा भ्त्रग्म देखी ३ सम्म छापामय कक्षाकोठा निर्माण गरि आगामी ३ वर्षभित्र सवै कक्षाकोठा छापामय वनाइने छ ।

१५.गाँउपालिका  शिक्षक सहयोग अनुदान विगत वर्ष जस्तै यस वर्ष पनि निरन्तरता दिइनेछ।

१६. सिकाइमा गुणस्तर कायम गर्न  आगामी शैक्षिक शत्रदेखि कक्षा ३ सम्म अनिवार्य निरन्तर मूल्याङ्कन प्रणाली लागु गरि सवै विद्यालयको ४ कक्षा देखि पालिकास्तरिय परीक्षा संचालन गर्ने व्यवस्था मिलाइने छ ।

१७.अनुगमन र निरीक्षणलाई अफ प्रभावकारी र नियमित गर्ने प्रधानाध्यापक तथा वि व्य स लाई उत्तरदायी बनाउदै वडा समितिलाई थप जिम्मेवारी दिदै , पालिकाको शिक्षा शाखावाट कम्तिमा २ महिनाको १ अनुगमन तथा निरीक्षण तथा गाँउपालिका शिक्षा समितिवाट कम्तिमा वर्षको १ पटक निरिक्षण तथा मुल्याङ्कन गर आवाश्यक कारवाही गर्ने कार्यलाई तिव्रता दिइने छ ।

१८.विद्यालयहरुलाई भौतिक पूर्वाधारको निर्माणको योजना स्वीकृत गर्दा विद्यालयको सेवा क्षेत्र, विद्यार्थीसंख्या, भौगोलिक विकटता , सिकाई उपलब्धि  विद्यालय खुल्ने र पढाइ हुने दिन र शिक्षकहरुको नियमितता, भौतिक सम्पतिको संरक्षण जस्ता मापदण्डको सूचकका आधारमा योजना स्वीकृत गरिनेछ र योजनाको संरक्षण तथा अधिकतम संचालन मिति तोकी उक्त अवधिमा पुन योजना माग गर्न नपाइने निति अवलम्वन गरिनेछ ।

१९.गाँउपालिका भित्र सञ्चालित अधिकांश विद्यालयहरुमा स्थानीय शिक्षकहरुको बाहुल्यता रहेको र अध्ययन अध्यापनमा नियमितता नभएको जनगुनासो पटक पटक आइरहने गरेकाले हरेक २/२ वर्षका लागि गाँउपालकाभित्र अन्तर विद्यालयगत रुपमा सरुवा गर्ने, सरुवा गर्दा शिक्षकको योग्यता समेतलाई ध्यानदिई दरवन्दी मिलान गरिनेछ । र दरवन्दी मिलान कार्य शैक्षिक शत्र सुरु हुनु एक महिना अगाडि दरवन्दी मिलान गरिनेछ  । शिक्षकको काम प्रतिको बफादारी,अनुशासन र नियमितताको अनुगमन गर्ने व्यवस्था मिलाइनेछ ।

२०. उत्कृष्ट सिकाइ उपलब्धी हाँसिल गर्ने विद्यालयहरुलाई तहगतरुपमा प्रोत्साहन स्वरुप पुरस्कृत गर्ने, कमजोर सिकाइ उपलब्धी हाँसिल गर्ने विद्यालयलाई  एक बर्षका लागि कुन क्षेत्र सुधार गर्ने हो, पत्ता गर्न लगाई उक्त क्षेत्रको सुधारको लागी विषेश क्षेत्र सुधार कार्यक्रम संचालन गर्ने,

२१. यस गाँउपालका भित्रका युवाको सामाजिक विकास तथा समाज रुपान्तरणमा गर्न **समाज रुपान्तरणमा युवा** कार्याक्रम संचालन गरिनेछ ।

२२. यस गाँउपालिका भित्रको अनौपचारिक शिक्षा व्यवस्थित गर्न सामुदायिक अध्ययन केन्द्रको संस्थागत तथा क्षमता विकास गरिनेछ  ।

२३.राष्ट्रपति रनिङ्ग शिल्ड  व्यवस्थापन गर्ने तथा आगामी ५ वर्ष भित्र गाँउपालिकामा न्युनतम पुर्वाधार सहितको खेलकुद मैदान निर्माण गर्ने तथा  हरेक विद्यालयमा खेलकूद मैदानको विकास  गराइनेछ ।

२४.सामुदायिक विद्यालयवाट क्भ्भ उतिर्ण गरि उच्च शिक्षामा **विज्ञान , तथा प्राविधिक विषयमा अध्ययन** गर्ने यस गाँउपालिकाभित्रका  दलित , जनजाती अपाङ्ग विपन्न समुदायका दश जना वालवालिकाको लागी छात्रवृतिको व्यावस्था गरिनेछ ।

२५ . यस गाँउपालिकामा शिक्षा क्षेत्रमा कार्यरत विभिन्न सरकारी गैरसरकारी संस्थाको कामको समन्वय गरि शिक्षा विकासमा ठोस योगदान दिन  शिक्षा क्षेत्रमा काम गर्दा पालिका संग अनिवार्य सहमति तथा समन्वय गर्नुपर्ने निति लिइनेछ ।

**स्वास्थ्य तथा पोषण नीति :**

स्वास्थ्य एक बहु-पक्षिय र बहु-आयामिक विषय हो, स्वास्थ्य क्षेत्रको विकास र उपलब्धताले नै नागरिकको स्वास्थ्यको निर्धारण गर्दै स्वास्थ सामाज र स्वास्थ राष्ट्रको विकासको निर्धारण गर्दछ । यसै सन्दर्भमा यस स्वास्थ्य शाखाले सबै स्वास्थ्य संस्थावाट संकलन गरिएका, यस गाउँपालिका र स्वास्थ्य संस्थामा अपनाएका विभिन्न मापनहरुका (संस्थागत क्षमता विकास, न्यनतम सेवा मापदण्ड, स्वास्थ्य तथ्याङ्क बिश्लेषण, स्वास्थ्य कार्यक्रमको समिक्षाहरु र गाउँपालिकाको स्वास्थ्य वस्तु स्थिती विश्लेषण विवरण) आधारमा देखिएका सुधार गर्नु पर्ने पक्षका साथै आधारभूत स्वास्थ सेवा स्थानीय सरकारको दायित्व रहेकोले निम्न अपेक्षा सहित तपसिलका स्वास्थ्य योजना तयार गरि यस गाउँपालिका समक्ष पेश गरिएको छु ।

**स्वास्थ्य कार्यक्रम २०७७/७८ ले निर्धारण गरिएका अपेक्षाहरुः**

१. छिप्रा स्वास्थ्य चौकीको नया भवन निमार्ण गरि स्वास्थ्य सेवालाइ व्यवस्थित गरिनेछ र साथै खर्पेलगाउको स्वास्थ्य चौकी भवनको निमार्णको काम यसै वर्ष सम्पन्न भइ स्वास्थ्य सेवा नया भवनबाट  सुरुवात हुनेछ ।

२. गाउ पालिकामा रहेका सबै स्वस्थ्य चौकी तथा  प्रसुति केन्दहरुमा न्यनतम सेवा मापदण्डले निर्धारित गरेको उपकरण  सामाग्री, औषधि, तथा फर्निचरको उपलब्धताको सुनिश्चित हुनुको साथै गुणस्तरिय सेवा उपलब्धता हुनेछन् ।

३. गाउँपालिकामा अल्ट्रासाउण्ड सेवाद्धारा गर्भवती महिलामा हुन सक्ने विभिन्न सम्भावित खतरालाई समय मै पहिचान गरी उपयुक्त उपचारका साथै स्थानीय स्तरमा सम्भब नभए माथिल्ला निकायहरुमा प्रेषण गरि आमा र बच्चालाई हुनसक्ने सम्भावित खतारा र जोखिमहरुलाई न्युनीकरण गर्न उल्लेख्य मद्दत गर्नेछ ।

४. गाँउपालिकाका सबै विधलयहरुमा हुनसक्ने आकस्मिक स्वास्थ्य समस्याको उपचारको लागि शिक्षकहरुको लागि प्राथमिक उपचार तालिम सहित विधालयहरुमा प्राथमिक उपचार बाकसको व्यवस्था गरिने छ ।

५. महिला स्वास्थ्य स्वंसेविकाहरुलाइ कामको प्रोत्साहन स्वरुप यस आ. ब. देखि मासिक बैठकमा खाजा, तालिम तथा सहयोग सामाग्रीको ब्यवस्था गरिने छ ।

६.माहामारी नियन्त्रण कार्यक्रमले यस गाउँपालिका अन्तरगत हुन सक्ने विभिन्न जोखिमहरुको पहिचान  गर्न सहयोग गर्ने र माहामारीको लागि तयारी अवस्थामा बस्दा हुन सक्ने सम्भावित क्षेति वाट जोगिन मद्दत पुग्नेछ ।

७.गुणस्तर सुधार सम्बन्धि तालिमले स्वास्थ्य संस्थामा रहेका सयोगी कर्मचारीका साथै स्वास्थ्य कर्मीको ज्ञानको अभिवृद्धि गरि स्वास्थ्य संस्थामा रहेका उपकरण नियमित सरसफाई राख्न र किटाणु रहित बनाउन सयोग पुग्नेछ ।

८.अत्यावश्यक औषधिको संघीय सरकारवाट आएको बजेटले आवश्यक औषधि उपलब्ध गराउन अपुग हुने भएकोले गाउँपालिकावाट थप बजेटको व्यवस्था भई वर्षभरी प्रयाप्त औषधि नियमित रुपमा पुऱ्याउन सहयोग पुग्ने छ।

९. यस गाउँपालिकाको याङचुबजारमा खार्पुनाथ सामुदायिक अस्पताल संचालित आधारभुत सेवालाइ चिकित्सक सहितको सेवा प्रदान गरिनेछ साथै प्रयोगसाला, एक्स रे, अल्ट्रासाउन्ड सेवा विस्तार गरिने छ ।

१०. यस वर्ष बाट खार्पुनाथगाँउपालिका मा आयुर्वेद सेवा सुचारु गरि सेवा प्रदान गरिने छ ।

१२. काभिड १९ रोकथाम तथा नियन्त्रणको बिशेष ब्यवस्था गरिने छ ।

१३ यस गाउँपालिकामा रहेका बृद्ध तथा अपाङ्गहरुको लागि स्वास्थ्य सेवा घरदैलोमा पुर्याउने ब्यवस्था गरिने छ ।

१४.सुन्य होम डेलिभरि (पुर्ण सस्थागत सुत्केरि) सुनिश्चितताको कार्यक्रम ल्याइने छ ।

१५.यस गाउँपालिका भरिनै कुपोषणको समस्या एक जनस्वास्थ्य समस्या भएकोले यस गाउँपालिकाले सञ्चालन गर्ने विभिन्न पोषण सम्बन्धि कार्यक्रमले कुपोषणको समस्यालाई न्युनिकरण गर्न सहयोग गर्ने छ ।

१६.यस खार्पुनाथ सामुदायिक अस्पताललाइ १५ सैयामा स्तरोन्नोतिको लागि आवस्यक जग्गा प्राप्ति गरिने छ ।

१७.नियमित अनुगमन गर्नाले स्वास्थ्य सेवा स्वास्थ्य संस्थामा गुणस्तरीय र समयमै उपलब्ध छन् कि छैनन् भन्ने समयमै गाउँपालिकालाई सो को जानकारी भई आवश्यक कदम चालन मदत पुग्ने छ ।

१८. खार्पुनाथ गाँउपालिका स्वास्थ्य सेवा निरन्तर प्रदान गर्न गा.पा. अन्तर्गतका सम्पुर्ण स्वास्थ्य संस्थाहरु शनिबार पनि खुला राखिने छन।

१९.गाउँपालिकाको अर्धवार्षिक तथा बार्षिक समिक्षा गर्नाले स्वास्थ्य सेवा कुन दिशामा गई रहेको र स्वास्थ्य सेवाले सम्भावित उपलब्धीहरु हासिल गर्न सकेको छ कि छैन भन्ने समयमै जानकारी गाउँपालिकालाई समयमै पाउन सहयोग पुगनेछ ।

२०. पालिका स्तरमा घरधुरी सर्बेक्षण गरि यथार्थ विवरण राखिने छन ।

२१ सबै स्वास्थ्य चौकिहरुलाइ प्रविधिमैत्रि बनाइने छ ।

२२. कर्मचारीहरुलाइ प्रोत्साहन तथा क्षमता अभिबृदि गर्न आवस्यक तालिमको व्यवस्था गरिने छ ।

२३. गाउँपालिकाका सम्पुर्ण नागरिकहरुको स्वास्थ्य उपचारको सुनिश्चताको लागि स्वास्थ्य बिमा कार्यक्रमलाई बृहत रुपमा लागु गरिने छ । गाउँपालिकाका सम्पूर्ण घरपरिवारलाई गाउँपालिका को तर्फबाट प्रति घरपरिवार रु १०००। स्वास्थ्य बिमाको लागि विनियोजन गरिएको छ ।

**पूर्वाधार विकास नीति :**

खार्पूनाथ गाउँपालिकाको पाँच वर्षे आवधिक योजना निर्माण भइ कार्यान्वयन चरणमा रहेको र अन्य क्षेत्रगत गुरुयोजनाहरु एवं नीतिहरु आवश्यकता अनुसार तयार गरिनेछ ।

.गाउँपालिका क्षेत्र भित्रका सडकहरु व्यवस्थित गर्न गाउँ यातायात गुरुयोजना (Rural Transport Master Plan-RTMP) तयार गरी कार्यान्वयन गरिने छ ।

## जलवायु परिवर्तन

जलवायु परिवर्त**न विश्वव्यापी** रूपमा देखापरेको एक गम्भीर प्रकारको चुनौती हो । यसले दिन प्रतिदिन नकारात्मक असर तथा प्रभावहरू बढाउंदै लगिरहेको छ । विशेषगरि विपन्न, जोखिम तथा सामाजिक रूपमा बहिकष्करणमा परेका वर्गहरूलाई थप चुनौती सिर्जना गरेको छ ।जलवायु परिवर्तनको कारण कृषि तथा खाद्यान्न, जलस्रोत, वन जङ्गल तथा जैविक विविधता, मानव स्वास्थ्य, पर्यटन, उर्जा, सिंचाई, बसोबास तथा पूर्वाधारमा प्रतिकुल प्रभाव पर्न थालेको छ ।बाढी, पहिरो, डढेलोमा समेत तीव्रता आएको कारण ठूलो मात्रामा धनजनको क्षति हुनुको साथै जिविकोपार्जनमा समेत असर देखिएको छ । विकास निर्माणको गतिसंगै वातावरणीय ह्रास र जलवायु परिवर्तनका समस्याहरू गहिरिदै र जटिल हुंदै जाने निश्चित छ । यस प्रकारका नकारात्मक गतिविधिहरूले प्राकृतिक तथा मानव स्रोतहरूलाई विकराल अवस्थाको सिर्जना हुंदै जानेछ ।

यस पालिकाको क्षेत्रमा रहेका महत्वपूर्ण प्राकृतिक स्रोतहरूको  संरक्षण तथा व्यवस्थापन गरि जलवायु परिवर्तनलाई समग्र रूपमा सम्बोधन गरि मानव समुदायको हित गर्नु आजको आवश्यकता रहेको छ ।

यस पृष्ठभूमिमा, वातावरण संरक्षण र जलवायु परिवर्तनका असरहरूको न्यूनीकरण तथा अनुकूलन गर्दै प्राकृतिक स्रोत साधनको दिगो व्यवस्थापन गर्नेतर्फ यस निति तथा कार्यक्रम लक्षित हुनेछ । जलवायु परिवर्तनको कारणले संकटासन्नता तथा जोखिममा रहेको पालिका अन्तर्गत रहेका वडा, बस्ती तथा विभिन्न विषयगत क्षेत्रहरूको संकटासन्नता तथा जोखिम विश्लेषणको आधारमा जलवायु परिवर्तन अनुकूलन तथा जलवायु उत्थानशील विकास कार्यक्रमहरु पहिचान गरि प्राथमिकीकरणको आधारमा आगामी वर्षको कार्यक्रम तथा नीतिले अगाडि बढाउनेछ । क्रियाकलापको प्राथामिकीकरण गर्दा ठुला, बहुअयामिक, दीगो, जल, जलाधार, वनजगंल, कृषि तथा जीविकोपार्जनसगं सम्बन्धित क्रियाकलापको छनौटलाई केन्द्रित गरिनेछ ।यसको साथै जलवायु परिवर्तनको क्षेत्रमा क्षमता विकास गरि आवश्यक मानव स्रोतको समेत विकास गरिनेछ । यस पालिकामा निरन्तर रूपमा कार्यान्वयनमा रहेको नेपाल जलवायु परिवर्तन सहयोग कार्यक्रम २ लाई निरन्तरता दिईनेछ ।

अपेक्षित उपलब्धी

जलवायु परिवर्तनको कारणले संकटासन्नता तथा जोखिममा रहेको पालिका अन्तर्गत रहेका वडा, बस्ती तथा विभिन्न विषयगत क्षेत्रहरूको संकटासन्नता तथा जोखिम विश्लेषणको आधारमा जलवायु परिवर्तन अनुकूलन तथा जलवायु उत्थानशील विकास कार्यक्रमहरु प्राथामिकीकरणको आधारमा सफलतापूर्वक कार्यान्वयन भई जलवायु उत्थानशील पालिकाको रूपमा विकास भएको हुनेछ ।

### खानेपानी तथा जलस्रोत नीति

१. नेपाल सरकारको आगामी तीन वर्ष भित्र सबै जनतालाई आधारभूत स्तरको खानेपानी सुविधा उपलब्ध गराउने तथा दिगो विकास लक्ष नं ६ बमोजिम सन् २०३० भित्र कुल जनसंख्याको ५० प्रतिशतलाई सुधारिएको खानेपानी सुविधा उपलब्ध गराउने लक्ष पूरा गर्न खानेपानी सरसफाइ तथा स्वच्छता क्षेत्रको योजना तर्जुमा, विद्यमान खानेपानी योजनाहरुको सञ्चालन तथा मर्मत सम्भार व्यवस्थापन, हालसम्म सो सुविधा पुग्न नसकेको क्षेत्रको पहिचान गरी समतामूलक तथा सहभागितात्मक पद्धति अवलम्बन गरी समन्वयात्मक एवम् पारदर्शी पद्धति अपनाई सेवा प्रदान गर्न गाउँपालिका स्तरमा खानेपानी, सरसफाइ स्वच्छता (वास) व्यवस्थापन बोर्ड स्थापना गरी सो मातहत वास युनिट मार्फत नयाँ योजना निर्माण तथा  विद्यमान योजनाहरुको मर्मत सम्भारको सेवा प्रवाह गर्ने व्यवस्था मिलाइनेछ ।

२. गाउँपालिकाले तयार गरेको जलउपयोग गुरुयोजनालाई समीक्षा गर्दै विद्यमान सबै खाले खानेपानी, सिँचाई लगायतका जलस्रोतसँग सम्बन्धित योजनाहरुको सञ्चालन तथा व्यवस्थापकीय अवस्था अद्यावधिक गरी सबै समितिहरुलाई जलस्रोत नियमावली बमोजिम दर्ता एवम् अद्यावधिक र नवीकरण गर्ने व्यवस्था मिलाई गाउँपालिकास्तरमा सो क्षेत्रको सूचना व्यवस्थापन प्रणाली स्थापना गरिनेछ ।

३. महिला तथा किशोरीहरुको आत्मसम्मानको रक्षा गर्दै सुरक्षित र स्वच्छ तरिकाले बाँच्न पाउने अधिकारको सुनिश्चितता र महिनावारी भएको समयमा अपनाइने विभिन्न हानीकारक अभ्यासहरुको निर्मूल गरी महिला र

किशोरीहरुको आत्मसम्मानको रक्षा गर्न गाउँपालिका उपाध्यक्षहरुको सम्मेलनले पारित गरेको मर्यादित महिनावारी स्वच्छता व्यवस्थापनको धनगढी घोषणा पत्र कार्यान्वयनको लागि आवश्यक व्यवस्था मिलाइनेछ ।

४. नेपाल सरकारको पूर्ण सरसफाइ निर्देशिका २०७५ एवम् गाउँपालिकाको वि.सं २०८५ भित्र गाउँपालिकालाई पूर्ण सरसफाइ युक्त एवम् छाउगोठ मुक्त गाउँपालिका घोषणा गर्ने लक्ष बमोजिम गाउँपालिका भित्रका समुदायलाई पूर्ण सरसफाइ उन्मुख तथा विद्यालयहरुलाई तीन तारा पद्धतिमा विकास गर्न एवम् कोभिड १९ जस्ता महामारी र पानी जन्य रोगहरुबाट बच्न वडा तथा समुदायस्तरमा पूर्ण सरसफाइ अभियान सञ्चालन गरिनेछ । विभिन्न पानीजन्य रोगहरुबाट उत्पन्न हुन सक्ने महामारीहरुबाट सुरक्षित रहन स्रोत एवम् घरायसी स्तरमा पानीको गुणस्तर परिक्षणको व्यवस्था मिलाइनेछ ।

५. समुदायको पोषण तथा जीविकोपार्जनको अवस्थामा सुधार ल्याउनको लागि गाउँपालिका भित्रका हरेक घरधुरीमा घरबारी स्थापना गर्दै सम्भाव्य क्षेत्रमा उत्पादनको पकेट क्षेत्र बिस्तार गर्ने र व्यवसायिक रुपमा समूह मार्फत वार्षिक रु ५०,०००।. भन्दा माथि कारोबार गर्ने कृषक समूहहरुलाई प्रोत्साहन गर्ने नीति लिइनेछ साथै गाउँपालिका स्तरमा आवश्यक बोट बिरुवा सहज रुपमा आपूर्ति गर्नका लागि उन्नत स्तरको बहुउद्देश्यीय नर्सरी स्थापना गर्ने कार्य यसै वर्षबाट आरम्भ गरिनेछ ।

६. स्थानीय उत्पादनबाट कृषकहरुलाई अधिकतम लाभ लिई जीविकोपार्जनमा सुधार ल्याउन उत्पादनको भण्डारण, बजारीकरणका साथै कृषि सामाग्रीको सहज आपूर्तिको लागि आवश्यकता अनुसार संकलन केन्द्र, कोल्ड स्टोर, एग्रोभेट स्थापना गर्ने कार्य यसै वर्षबाट सुरुवात गरिनेछ । सो प्रयोजनको लागि नीजि क्षेत्र तथा सहकारीहरुलाई प्राथामिकताका साथ परिचालन गर्ने नीति लिइनेछ ।

७. खानेपानी सरसफाइ स्वच्छता, मर्यादित महिनावारी व्यवस्थापन, घरबारी व्यवस्थापन तथा व्यवसायिक जिविकोपार्जन प्रवर्द्धन कार्यको लागि स्थानीय स्तरमा प्राविधिक स्रोत व्यक्ति उत्पादन तथा परिचालन गर्ने कार्यलाई निरन्तरता दिइनेछ ।

**राष्टिय परिचय पत्र तथा पंजिकरण विभागको आ.व. २०७७/०७८ को वार्षिक कार्यकम तपशिल बमोजीका कियाकलापमा आधारीत रहेर गरिने छ**

१ यो आयोजनाको पहिलो प्राथमिकता भनेको यस खार्पुाथ गाँउपालिकामा समन्वय समिति,गुनासो सुनुवाई समिति र सवै वडाहरुमा गुनासो सुनुवाइ समिति गठन गरीने छ ।

२. यस गाँउपालिकाका सम्पुर्ण वडाहरुमा दर्ता शिबिर संचालन गरी व्यक्तिगत घट्ना दर्ता प्रक्रियालाई समयमा नै सम्वन्धित मन्त्रालयमा पठाईने छ ।

३. व्यक्तिगत घट्ना दर्ता किताबलाई डिजीटलाइजेसनको लागी परामर्स सेवा सम्वन्धित स्थानिय तहका वडाहरुका जनप्रतिनिधीहरु सरोकारवाला निकायलाई जनचेतनामुलक अभिमुखीकरण तालीम संचालन गरी यस प्रकृयालाई छिटो भन्दा छिटो सम्वन्धित निकायमा पठाईने छ ।

४.सामाजिक सुरक्षा भत्ता समयमा नै उपलब्ध गराई राज्यको संरक्षणमा रहेका जेष्ठ नागरीक ,बालबालीका ,एकल महिला, विधवा महिला र अपाङगहरुलाइ पारदर्शि तरिकाले वितरण गरिने छ ।

अन्तमा,

खार्पूनाथ गाउँपालिकालाई विगतको ऐतिहासिक, साँस्कृतिक, समुन्नत बिरासतलाई इतिहास, वर्तमान र भविष्यसंग जोड्दै समृद्धितर्फ लैजाने, जनताको सापेक्ष विकासका चाहना पुरा गर्ने, स्थानीय सरकार र स्थानीय बासी बीचको सुमधुर सम्बन्ध कायम गर्ने, आधुनिक प्रविधि र मौलिक पहिचानको समिश्रणवाट उत्तर-आधुनिक विकासको खाका कोर्ने र तदानुरुपका अत्याधुनिक पूर्वाधार र संरचना तयार गरी खार्पूनाथलाई समुन्नत बनाउने सन्दर्भमा हाम्रा प्रयत्नहरु निरन्तर जारी छन् । यस अवसरलाई सदुपयोग गर्दै सम्पूर्ण गाउँवासीलाई स्वच्छ, निष्पक्ष, न्यायपूर्ण र प्रतिबद्ध नेतृत्व प्रदान गरिनेछ । साथै खार्पूनाथ गाउँपालिकाले अघि सारेको प्रस्तुत नीति तथा कार्यक्रम

कार्यान्वयनमा सहयोग पुऱ्याउन नेपाल सरकार, कर्णाली प्रदेश सरकार, विकास साझेदारहरु, निजी क्षेत्र, अन्तराष्ट्रिय दातृ समुदाय, गाउँपालिकाका कर्मचारीहरु, मतदाता र सम्पूर्ण वुद्धिजीवी एवं प्रवुद्ध वर्गमा हार्दिक अपिल गर्दछु ।

धन्यवाद ।
जय खार्पूनाथ

(कर्ण बहादुर रावल)
गाँउपालिका अध्यक्ष